संघीय संसद
राष्ट्रिय सभा
पन्ध्रौं अधिवेशन
बैठक-२
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ११:०१ बजे*
*बैठक स्थगित : १३:४२ बजे*

२०८० माघ २४ गते, बुधवार

संघीय संसद, राष्ट्रिय सभाको पन्ध्रौं अधिवेशनको दोश्रो बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहान ११:०१ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **शून्य समयमा** बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय कुमार दसौदीले** नेपाल दुरसञ्चार प्राधिकरणलाई कस्तो बनाउन खोजिदैछ भनी प्रश्न गर्नुभयो। टेरामक्स खरिदमा जोडिएका मन्त्रीहरू बयानमा नगएको, वर्तमान सरकारले निजी कम्पनीमा काम गरेका मान्छेलाई यसको नेतृत्व प्रदान गर्ने तयारी रहेको भन्ने सुन्नमा आएको बताउनुहुँदै यो गलत हुने बताउनुभयो।

**माननीय खिमलाल देवकोटाले** संसद र अदालतको वेभसाइटमा सरकार भन्ने डोमेन भएकोले यो सरकार अन्तर्गत रहेको प्रतित हुने हुँदा सुधार गर्नुपर्ने बताउनुभयो । नेपालको विश्वव्यापी अभ्यासलाई हेर्दा नेपालको संघीय संसदमा कर्मचारीको सङ्ख्या बढाउनुपर्ने र विशेषज्ञ सेवा प्रदान गर्न सक्ने कर्मचारीको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

**माननीय दिपा गुरुङले** जाजरकोट जाजरकोट भूकम्पको राहत वितरणमा निष्पक्षता कायम हुन नसकेको र पीडितले उचित सेवा प्राप्त गर्न नपाएको बताउनुहुँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय दिलकुमारी रावल थापा (पार्वती)ले** चितवन माडिमा रहेको वाल्मिकी आश्रमको विकासका लागि आवश्यक पहल गर्नुपर्ने बताउनुभयो।

**माननीय भैरव सुन्दर श्रेष्ठले** जाजरकोटको भुकम्पमा लाभग्राहीले पहिलो किस्ता पाउन नसकेको बताउनुहुँदै पुनर्निर्माण र पुनर्स्थापनाको कार्यमा सरकारले समुचित कार्य गर्न नसकेको बताउनुभयो।

**माननीय विमला राई पौड्यालले** २०८० पौस १३ गते ललितपुरको ग्वार्कोमा आन्दोलन हुँदा प्रहरीको गोली लागेर दुई जना युवाहरूको मृत्यु भएको र सरकारले छानविन समिति समेत बनाएको तर यसको उचित छानविन हुन नसकेको बताउनुभयो । यो घटनामा गल्ती कस्को भनी प्रश्न गर्नुभयो।

**माननीय सिंग बहादुर विश्वकर्माले** वैदेशिक रोजगारीमा गएका कतिपय नागरिक उतै बेपत्ता हुने गरेकोले पीडितको खोजी कार्यका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**शून्य समयमा** माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै सम्माननीय अध्यक्षले **विशेष समयमा** बोल्नका लागि देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय भुवन बहादुर सुनार**ले सरकारले कृषि उत्पादनलाई जीवननिर्वाहमुखीबाट व्यवसायिकतामा रुपान्तरण गर्न आवश्यक कदम चाल्नुपर्ने बताउनुभयो। सरकारले कृषि विकासका मिठा नाराहरू ल्याएको र यसको प्रभावकारी कार्यान्वयन जरुरी रहेको बताउनुभयो।

**माननीय भैरव सुन्दर श्रेष्ठ**ले सत्ता पक्षका नेताले नेकपा एमाले प्रतिपक्षमा बस्न नसक्ने भन्ने भाष्य निर्माण गर्न खोजेको बताउनुहुँदै वर्तमान सरकार इतिहासकै कमजोर रहेको बताउनुभयो। यो सरकारले पुँजीगत खर्च गर्न नसकेको र राजस्व पनि उठाउन नसकेको बताउनुभयो। सरकारले जनपक्षीय काम गर्न नसकेको विषय एमालेले उठाउँदा यस प्रकारको आरोप लाग्ने गरेको बताउनुभयो।

**माननीय विमला राई पौड्याल**ले सरकारको प्रमुख दायित्व नागरिकको रक्षा गर्नु रहेको बताउनुहुँदै सरकारले आफ्नो अभिभावकत्व निर्वाह गर्नुपर्ने तीन वटा प्रमुख विषयहरूमा सरकारको ध्यानाकर्षण गराउनुभयो। पहिलो इजरायलमा हमास समुहको आक्रमणमा परि केही नेपाली विद्यार्थीको मृत्यु भएको र विपिन जोशी हराइरहेको सन्दर्भमा उनको खोजीका लागि सरकार गम्भीर बन्नुपर्ने, दोश्रो रसिया र युक्रेन युद्धमा गएका नेपालीहरूलाई फर्काउनुपर्ने र तेस्रो जाजरकोटका भुकम्प प्रभावितहरूको उचित व्यवस्थापन गर्नुपर्ने बताउनुभयो।

**माननीय कमला पन्त**ले महिला विकास कार्यक्रमले महिलाहरूमा राम्रो प्रभाव परेको विगतको अनुभव सुनाउनुहुँदै संघीयता आएपछि महिला विकास कार्यक्रमाथि सरकारले विभेद गरेको र यसका कर्मचारीहरूलाई स्थानीय तहमा पठाएर उनीहरूको वृत्ति विकास रोकिएको बताउनुभयो। भ्रष्टाचारको निराकरण गर्नका लागि सबै दलहरू एक ठाउँमा उभिनुपर्ने बताउनुभयो।

**माननीय सिंग बहादुर विश्वकर्मा**ले अहिले पनि नेपालको प्रमुख पेशा कृषि भएको र कृषि भूमिको स्वामित्वको सन्दर्भमा कानुनले गरेको व्यवस्थाको कार्यान्वयन गरी उचित व्यवस्थापन गर्नुपर्ने बताउनुभयो। मानिसले वर्षौं देखि उपभोग गर्दै आएको जग्गा पनि विभिन्न कारणले आफ्नो स्वामित्वमा ल्याउन नसकेको कारण समस्या भोगिरहेकोले उचित समाधानका लागि सरकारलाई अनुरोध गर्नुभयो।

**माननीय मोहम्मद खालिद**ले नेपालको संविधानमा समतामुलक समाज निर्माण गर्ने उल्लेख गरेको र यसको लागि समावेशीताको व्यवस्था गरेको भएपनि यसको मर्म अनुसार कुनै पनि सरकारले काम गर्न नसकेको बताउनुभयो। मधेश प्रदेशलाई नेपाल सरकारले विभेदकारी दृष्टिले हेर्ने गरेको बताउनुभयो। मानव विकास सुचकाङ्क हेर्ने हो भने मुस्लीम र दलित समुदायको अवस्था दयनीय रहेकोले आगामी वजेटमा सो समुदायलाई विशेष प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो।

**माननीय शेखर कुमार सिंह**ले चौधौं अधिवेशनमा थाति रहेका महत्वपूर्ण ऐन निर्माणका कार्य पन्ध्रौं अधिवेशनमा प्रमुख प्राथमिकतामा राखेर अघि बढाउनुपर्ने बताउनुभयो। चुरे संरक्षणका लागि विकास योजना सञ्चालनमा रहेको सुन्नमा आएको तर उक्त क्षेत्रमा अनुभूत गर्न नपाएको बताउनुभयो। यसले तराईको उर्वर भुमि मरुभूमिकरणमा परिवर्तन हुँदै गइरहेको बताउनुभयो। साथै रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माणमा सरकारले ध्यान दिनुपर्ने बताउनुभयो।

**माननीय तुल प्रसाद विश्वकर्मा**ले वर्तमान संविधानले सबै वर्गहरूलाई समान न्याय र उनीहरूको हक अधिकारको सुनिश्चित गरेको तर व्यवहारमा यस्ता व्यवस्थाहरूको कार्यान्वयन नभएकाले सामाजिक न्याय कमजोर रहेको बताउनुभयो। देशका विभिन्न ठाउँहरूमा दलित समुदायमाथि विभेद भइरहेको घटना उजागर गर्दै सामाजिक न्याय कायम गर्न सरकारलाई आग्रह गर्नुभयो।

**माननीय खिमलाल देवकोटा**ले राजनीतिमा शुद्धिकरण आवश्यक रहेको बताउनुहुँदै आगामी दिनमा राजनीतिक सुदृढीकरण जरुरी रहेको बताउनुभयो। भाषणमा नेपाललाई स्वीजरल्याण्ड बनाउने कुरा सुन्नमा आए पनि त्यो देशले कसरी यस किसिमको विकास गऱ्यो भन्ने सन्दर्भमा ध्यान दिनुपर्ने बताउनुभयो।

**माननीय बामदेव गौतम**ले नेपाली अर्थतन्त्र धराशायी रहेको तर यसलाई सुधार गर्न सकिने बताउनुभयो। सरकार र सरकार बाहिरबाट नेपालको समृद्धिको विषयमा चिन्तन मनन गर्ने हो भने यो देशलाई समृद्ध बनाउन सकिने बताउनुभयो। हालसम्मका कुनैपनि सरकारले यसको सुधारका लागि प्रयत्न नगरेको बताउनुभयो। सरकारले संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख देश बनाउनका लागि प्रयत्न गर्नुपर्ने बताउनुभयो।

**माननीय विना पोखरेल**ले नेपालले लोकतन्त्रलाई संस्थागत गर्नका लागि प्रयत्न गरिरहेको भएपनि किन कोही पनि सन्तुष्ट हुन नसक्ने अवस्थाको सिर्जना भयो भन्ने कुराको विश्लेषण गर्नुपर्ने बताउनुभयो। राजनीतिक व्यवस्था परिवर्तन हुँदा जुन परिवर्तनको अपेक्षा गरिएको थियो सो अनुरुप कार्य हुन नसकेको बताउनुभयो।

**माननीय दिल कुमारी रावल थापा (पार्वती)** ले कृषि उत्पादनमा अग्रणी चितवन जिल्लामा कृषि सामग्रीले उचित बजार नपाउने, बजार पाए पनि उचित मूल्य नपाउनाले किसानहरू मर्कामा परेको बताउनुभयो। किसान मैत्री सरकार बन्न जरुरी रहेको बताउनुभयो। वर्तमान सरकारले असंलग्न परराष्ट्र नीति कायम गर्न नसकेको बताउनुभयो। रुस र युक्रेन युद्धमा परेका नेपालीहरूका सन्दर्भमा र इजरायलको युद्धमा परेका नेपालीहरूको अवस्थाको बारेमा सरकार गम्भीर हुनुपर्ने बताउनुभयो। सरकार हाल नेपालमा देखिइरहेका विभिन्न सवालहरूमा गम्भीर नभएको आरोप लगाउनुभयो।

**माननीय प्रकाश पन्थ**ले सरकारले देशका विभिन्न मामिलाहरूमा उठेका विषयहरूको सम्बोधनको सुरुवात राम्रो गरेपनि निरन्तरता दिन नसकेको बताउनुभयो। नेपालका आर्थिक, सामाजिक र सांस्कृतिक पक्षमा ध्यान दिएर योजनावद्ध रूपमा अघि बढ्नुपर्ने बताउनुभयो।

**माननीय गोमा देवी तिमिल्सिना**ले विकास निर्माणका कार्य गर्दा सरकारले गुणस्तरीयताको परिक्षण गर्नुपर्ने बताउनुभयो। नारायणगढ मुङ्लिन सडक खण्ड निर्माणका लागि बन्द रहेको तर वैकल्पिक मार्ग पनि व्यवस्थित हुन नसक्दा दुर्घटनाका घटनामा वृद्धि भएको बताउनुभयो।

**माननीय रामचन्द्र राई**ले यो सरकार एमालेको पहलमा गठन भएको तर एमालेलाई सरकारमा जान हतारो पनि नरहेको बताउनुभयो। उहाँले गठबन्धन सरकार विदेशीको सहजताका लागि बनेको बताउनुभयो। नेपालको भैरहवामा विमानस्थल बनेको तर काठमाडौंको विकल्पको रूपमा सञ्चालन हुन नसकेको बताउनुहुँदै यसको समुचित सञ्चालन भयो भने अर्को राष्ट्र दुखी हुने भएको कारण उक्त विमानस्थल सञ्चालनमा सरकार गम्भीर नभएको बताउनुभयो।

**माननीय गंगा कुमारी बेलबासे**ले राष्ट्रिय सभाले केही राम्रा कार्यको सुरुवात गरेको र यसका राम्रा अभ्यासहरूको सबैले पालना गर्नुपर्ने बताउनुभयो। उहाँले वर्तमान सरकारले देश विकासका कार्यमा महत्वपूर्ण भूमिकाहरू निर्वाह गरिरहेको बताउनुभयो। रसिया र युक्रेनको लडाइँमा नजानको लागि नेपाली जनताहरूलाई आग्रह गर्नुभयो भने नेपालको पहाडी क्षेत्रमा वस्ती विकास गर्न र बसाइँसराईलाई कम गर्न सरकारले पहल गर्नुपर्ने बताउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ संशोधन मस्यौदा समितिका माननीय सभापति सुरेश कुमार आलेमगरलाई **"राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८० माथि विचार गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **उक्त प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै** छलफलमा भाग लिन चाहनुहुने देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

१. मा. प्रकाश पन्थ
२. मा. तुलसा कुमारी दाहाल
३. मा. भगवती न्यौपाने
४. मा. राजेन्द्र लक्ष्मी गैरे
५. मा. विमला घिमिरे
६. मा. सुमित्रा बि.सी.
७. मा. मृगेन्द्र कुमार सिंह यादव
८. मा. गंगा कुमारी बेलबासे
९. मा. माया प्रसाद शर्मा

त्यसपछि सम्माननीय अध्यक्षले **"राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८० माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै **माननीय सभापति सुरेश कुमार आलेमगर**लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभयो। माननीय सभापतिले जवाफ दिनुभएपछि सम्माननीय अध्यक्षले **"राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८० माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई सभासमक्ष निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो। **"राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८०"** माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम ७२ घण्टा भित्र राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सकिने ब्यहोरा जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८९ बमोजिम माननीय सदस्यहरूबाट अध्यादेश अस्वीकार गर्ने सम्बन्धी कुनै पनि सूचना प्राप्त नभएकोले सोही नियमावलीको नियम ९२ को उपनियम ३ बमोजिम **माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महत**लाई **"आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० स्वीकृत गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति प्रदान गर्नुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभामा पेस गर्नुभयो। त्यसपछि सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई सभासमक्ष निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति **जयन्ती देवी राईलाई "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०"** सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रतिवेदन सभामा पेस गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले पूर्वमन्त्री, संविधान सभा सदस्य तथा नेपाली काँग्रेसका केन्द्रीय सदस्य केशव कुमार बुढाथोकीको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभयो:

"वि.सं. २००१ सालमा जन्मनु भएका पूर्वमन्त्री, संविधान सभा सदस्य तथा नेपाली कांग्रेस केन्द्रीय सदस्य केशव कुमार बुढाथोकीको मिति २०८० साल माघ २२ गते सोमबार राती उपचारको क्रममा असामयिक निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय बुढाथोकी नेपाली काँग्रेस पार्टीको तर्फबाट २०६४ र २०७० मा झापा जिल्ला निर्वाचन क्षेत्र नं. ५ बाट संबिधान सभा सदस्य पदमा निर्वाचित हुनु भएको थियो भने उहाँ २०७३ सालमा सामान्य प्रशासनमन्त्री हुनु भई आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नु भएको थियो।

यो बैठक स्वर्गीय बुढाथोकीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

उल्लेखित शोक प्रस्तावलाई सभाले पारित गरी एक मिनेट मौन धारण गऱ्यो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८० साल माघ २८ गते आइतबार अपराह्न १ बजेर १ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(पद्म प्रसाद पाण्डेय)

संघीय संसदको महासचिव